# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको

### चङ्गा, ड्रोन, वेलुन आदि नउडाउने सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/०५ गते

त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा वायुयानको उडान तथा अवतरणको समयमा विमानस्थलको आसपासको क्षेत्रमा पटक पटक चङ्गा, ड्रोन, वेलुन उडाउने गरेको पाईएकोले यस सम्बन्धमा विमानस्थलको गम्भीर ध्यानाकर्षण भएको छ। चङ्गा, ड्रोन, वेलुन उडाउने कार्य तथा लेजर लाईटले विमानको उडान सुरक्षामा गम्भीर असर पर्न सक्ने भएको हुदाँ यस किसिमको गतिविधि एवं क्रियाकलाप नगर्न नगराउन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै कसैले यस सूचनाको अवज्ञा वा अटेर गरी यस्तो गतिविधि गरे तथा गराएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ।